**<u>चितवन</u>**

**<u>भाद्र ८, २०८१</u>**

नेपाल शिक्षक संघ चितवन, महिला विभाले एक कार्यक्रमकाबिच तिज विशेष कार्यक्रम सम्पन्न गरेको छ । प्रमुख अतिथि नेपाल शिक्षक संघ संघीय कार्यसमिति पूर्व उपाध्यक्ष तथा ट्रेड युनियन काँग्रस संघीय कार्यसमितिको नि.वर्तमान उपाध्यक्ष इन्दिरा सापकोटाले विपिको फोटोमा माल्यार्पण गरेर उद्घाटन गर्नुभएको हो। नेपाल शिक्षक संघ चितवनका महिला उपाध्यक्ष तथा महिला विभागका संयोजक राधा कुमारी चौधरीको अध्यक्षता कार्यक्रम भएको हो ।









कार्यक्रम नेपाल शिक्षक संघ चितवनका सहसचिव तथा महिला विभाग सदस्य तारा पौडेल आचार्यले संचालन गर्नुभएको थियो । सथै नेशिसं सहसचिव तथा महिला विभाग सदस्य एण्डिला रिजालले कार्यक्रममा आउनुहुने शिक्षक मित्रहरूलाई गित बाटै स्वागत गर्नुभएको थियो । बिच बिचमा नाचगानका साथसाथै नेशिसं खैरहनीका महिला उपाध्यक्ष सृजना सुवेदी, पूर्व अध्यक्ष भुवानी प्रसाद पौडेल, नेपाली कांग्रस महिला विभाग जिल्ला सचिव लक्ष्मी लामिछाने, ने.का बगमति प्रलेश सदस्य देवकी गौतम, ट्रेड युनियन कांग्रेस जिल्ला अध्यक्ष हरिहर सापकोटा, ट्रेड युनियन कांग्रसका केन्द्रिय सदस्य सिता शर्मा ढकाल, नेपाल शिक्षक संघ चितवनका अध्यक्ष इन्दिरा मरहठ्ठा लगायताका अतिथि तथा विशिष्ठ अतिथिहरूले शुभकामना मनतव्य दिनुभएको थियो ।